केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२९/०६५/६६ मिति : २०६५/१०/२२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

बैंक वा वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति वा निजहरुको परिवारका सदस्यहरु वा निजहरुको स्वामित्व/नियन्त्रणमा रहेको संघ/संस्थाले निजहरु त्यस्तो पदमा बहाल रहेको वा पदबाट अवकाश भएको एक वर्षसम्म देहायका कार्यहरु गर्न/गराउन प्रतिबन्ध लगाउने गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र खरीद वा विक्री गर्न/गराउन।

२. सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र धितो बन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन दिन।

३. सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्रसंग सम्बन्धित अन्य कुनै किसिमको लेनदेन गर्न/गराउन।

यसरी बैंक तथा वित्तीय संस्था वा सो को सहायक कम्पनीको धितोपत्र धितो बन्धक राखी कर्जा प्रवाह गर्ने बैंक वा वित्तीय संस्थाले धितोपत्र रोक्काको लागि सम्बन्धित बैंक वा वित्तीय संस्थामा लेखी पठाउँदा माथि उल्लेखित पदमा रहे/नरहेको र नरहेको भए छोडेको एक वर्ष पुरा भए नभएको जानकारी समेत माग गर्नु पर्ने। उपरोक्त बमोजिमको जानकारी माग भई आएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो जानकारी दिनु पर्ने।

साथै, यो परिपत्र जारी हुनुपूर्व यसरी धितोपत्र धितो राखी कारोवार गरिएको भएमा २०६६ आषाढ मसान्त वा भुक्तानी अवधिमध्ये जुन अगाडि हुन्छ, सो समयसम्ममा आवश्यक प्रक्रिया पूरा गरी त्यस्तो धितोपत्र फुकुवा गरिसक्नु पर्ने। अन्यथा,

(क) सम्बन्धित बैंक वा वित्तीय संस्थाले सम्बन्धित व्यक्ति/संस्थालाई बढीमा पैतीस दिन भित्रमा उक्त कर्जा चुक्ता गर्न सूचना जारी गर्नु पर्ने।

(ख) खण्ड (क) बमोजिम सूचना जारी गरेपछि सम्बन्धित बैंक वा वित्तीय संस्थाले तोकिएको समयावधिभित्र सम्बन्धित व्यक्ति/संस्थाबाट उक्त कर्जा रकम चुक्ता गराई सक्नु पर्ने।

(ग) खण्ड (ख) अनुरुप नभएमा त्यसपछिको सात दिन भित्रमा त्यसरी सुरक्षण राखिएको धितोपत्र नेपाल स्टक एक्स्चेन्ज लिमिटेड मार्फत विक्री गरी कर्जा असूल उपर गरी सक्नु पर्ने।

(घ) खण्ड (ग) अनुरुप कर्जा असूल उपर नभएमा त्यस्तो कर्जाको लागि १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।